# बहुक्षेत्रीय पोषण कार्यक्रम र यसको कार्यान्वयन ढाँचा

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार काठमाण्डौं

# बहुक्षेत्रीय पोषण कार्यक्रम

# Multi  Secter Nutrition Program (MSNP)

# पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति

## पालिका/वडा स्तरीय अभिमुखीकरण गोष्ठी

**आयोजकः सिलीचोङ गाउँपालिका**

**ताम्कू सङ्खुवासभा**

# यहाँहरुलाई हार्दिक स्वागत छ

# देशको विकास वा समृद्धिका केही सूचकहरु

पोषण तथा खाद्य सुरक्षा नेपाल

- प्रतिव्यक्ति आम्दानी  बृद्धि
- कुल राष्ट्रिय उत्पादन बृद्धि
- औषत आयु बृद्धि
- साक्षरता दर बृद्धि
- बाल मृत्युदरमा  कमि
- मातृ मृत्युदरमा  कमि
- मानव विकास सूचकाङ्कमा  सकारात्मक  बृद्धि
- लैङ्गिक सशक्तीकरण सूचकाङ्कमा  सकारात्मक  बृद्धि
- पूर्वाधार विकास सूचकाङ्क सकारात्मक  बृद्धि, आदि

# प्रदेशगत मानव विकास सूचकाङ्क र बहुआयामिक गरिबी सूचकाङ्क

| | मानव विकास सूचकाङ्क | स्तर | बहुआयामिक गरिबी सूचकाङ्क | स्तर |
|---|---|---|---|---|
| प्रदेश १ | ०.५८ | ३ | १९.७ | ३ |
| प्रदेश २ | ०.५१ | ७ | ४७.९ | ६ |
| बागमती | ०.६६१ | १ | १२.२ | १ |
| गण्डकी | ०.६१८ | २ | १४.२ | २ |
| लुम्बिनी | ०.५६३ | ४ | २९.९ | ४ |
| कर्णाली | ०.५३८ | ६ | ५१.२ | ७ |
| सुदूरपश्चिम | ०.५४७ | ५ | ३३.६ | ५ |
| नेपाल | ०.५८७ | | २८.६ | |

श्रोतः मानव विकास प्रतिवेदन, २०२०

# नेपाल र केही देशहरूबीचको मानव विकास सूचकाङ्कको तुलना

| सूचक | नेपाल | भारत | श्रीलङ्का | नर्वे |
|---|---|---|---|---|
| औषत आयु | ६९.७ | ६९.४ | ७६.८ | ८२.४ |
| विद्यालय शिक्षाको अपेक्षित वर्ष | १२.७ | १२.३ | १४ | १८.१ |
| विद्यालय शिक्षाको औषत वर्ष | ५.२ | ६.५ | ११.१ | १२.९ |
| कूल राष्ट्रिय प्रतिव्यक्ति आय (Purchasing Power Parity-PPP) | २७४८ | ६८२९ | ११६११ | ६६४९४ |
| मानव विकास सूचकाङ्क | ०.५७९ | ०.६४७ | ०.७८ | ०.९५७ |
| HDI Rank | १४७ | १२९ | ७४ | १ |

Source: NHDR 2020

# विकास मामिलामा पोषणको योगदान

पोषण तथा खाद्य सुरक्षा नेपाल

- बाल मृत्युदरमा सुधार
- मातृ मृत्युदरमा सुधार
- उमेर अनुसारको बौद्धिक विकासमा सुधार
- शिक्षण सिकाइमा सुधार
- औषत आयुमा सुधार
- व्यक्तिको शारीरिक तन्दुरुस्ती बृद्धि
- गरिबीको बहुआयामिक दरमा सुधार
- मानव विकास सूचकाङ्कमा सुधार
- लैङ्गिक असमानता सूचकमा सुधार

# राष्ट्रिय लक्ष्य र पोषणका सूचकको सम्बन्ध

- वि सं २०७९ सम्म विकासशील राष्ट्रको रुपमा स्तरोन्नति गर्ने ।
- पन्ध्रौं पञ्चवर्षीय योजनाको लक्ष हासिल गर्ने ।
- सन २०३० को दिगो विकास लक्षका सूचक प्राप्ति ।
- वि सं. २१०० को दीर्घकालीन सोंच **समृद्ध नेपाल - सुखी नेपाली** पूरा गर्ने ।

# पोषण सम्बन्धी विश्वव्यापी लक्षहरू र नेपालको प्रतिबद्धता

| क्र. सं. | पोषणसम्बन्धी विश्वव्यापी लक्ष्यहरू | नेपालको अवस्था | | | नेपालको लागि सन् २०२५ को World Health Assembly (WHA) लक्ष्य | नेपालको लागि २०३० को दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | सन् २०११ | सन् २०१६ | सन् २०१९ | | |
| १. | पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको दरलाई ४०% ले घटाउने | ४०.५ % | ३५.८ % | ३१.५ % | २४.३ % | १५.० % |
| २. क | प्रजनन उमेरका महिलाहरूमा हुने रक्तअल्पतालाई ४०% ले घटाउने | ३५.० % | ४०.८ % | – | १७.५ % | १०.० % |
| २. ख | पाँच वर्षमुनिका बालबालिकामा हुने रक्तअल्पतालाई ५०% ले घटाउने | ४६.२ % | ५२.७ % | – | २३.१ % | १०.० % |
| ३. | कम तौलको बच्चा जन्मिने सङ्ख्यालाई ३३% ले घटाउने | १२.१ % | २४.२ %* | – | ८.५% | < ५% |

# पोषण सम्बन्धी विश्वव्यापी लक्षहरू र नेपालको प्रतिबद्धता

| क्र. सं. | पोषणसम्बन्धी विश्वव्यापी लक्ष्यहरू | नेपालको अवस्था | | | नेपालको लागि सन् २०२५ को World Health Assembly (WHA) लक्ष्य | नेपालको लागि २०३० को दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | सन् २०११ | सन् २०१६ | सन् २०१९ | | |
| ४. | बाल्यावस्थामा मोटोपन हुनेको सङ्ख्या वृद्धि नहुने अवस्थालाई सुनिश्चित गर्ने | १.४ % | १.२ % | २.६ % | ≤ १.४ % | < १% |
| ५. | शिशु ६ महिनाको हुँदासम्म पूणरूपमा स्तनपान गराउने सङ्ख्यालाई कम्तीमा ४०% पुऱ्याउने | ६९.६ % | ६६.१ % | ६२.१ % | > ५०.० % | >९०% |
| ६. | पाँच वर्षमुनिका बालबालिकामा हुने ख्याउटेको सङ्ख्यालाई कम्तीमा ५% मा झार्ने | १०.९ % | ९.७ % | १२.० % | < ५.० % | ४.० % |

# पोषणमैत्री शासन राष्ट्रिय रणनीतिको तयारी

पोषण तथा खाद्य सुरक्षा नेपाल

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पोषणमैत्री शासनका लागि राष्ट्रिय रणनीतिको तयारी छ।
- रणनीतिले वि.स. २०८७ सम्ममा सबै स्थानीय तहहरुलाई पोषणमैत्री बनाउने लक्ष्य लिएको छ।
- पोषणमैत्री स्थानीय तह घोषणका लागि विभिन्न क्षेत्रगत (स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि तथा पशुपन्छी, महिला, बालबालिका तथा स्थानीय शासन) का सूचकहरु तयार पारिएका छन्।

# पोषण अवस्थामा हस्तक्षेप

**शासकीय व्यवस्था** | **माग सृजना**

- पोषण
  - खाना
    - उत्पादन
      - कृषि
      - पशुसेवा
    - बजार
  - सरसफाइ
    - खानेपानी सुविधा
    - सौचालय तथा सरसफाइ
  - व्यवहार
    - बानी व्यवहार लैङगिक समानता
      - किशोरी
  - उपचार
    - स्वास्थ्य संस्था
      - जनशक्ति
      - औषधि
        - किशोरी
    - पूर्ण खोप

# पोषण स्थितिमा सुधारका लागि बहुक्षेत्रीय प्रयासको अवलम्वन

- विभिन्न योजना, नीति,
- रणनीति तथा निर्देशिका आदिको पुनरावलोकनबाट निर्देशित ।




**पोषण लेखाजोखा तथा अन्तर विश्लेषण**

**(Nepal Nutrition Assessment & Gap Analysis -NAGA) 2009/2010**

- राष्ट्रियस्तरमा पोषणको सवल तथा दुर्वल पक्ष र अन्तराल पहिचान
- पोषणका लागि राष्ट्रिय प्रारुपको सिफारिस (National Nutrition Architecture)
- पोषणलाई बहुक्षेत्रीय प्रयत्नबाट दिगो रुपमा संवोधन (Multi-sector Nutrition Plan- MSNP)

# बहुक्षेत्रीय पोषणको अवधारणा

## राष्ट्रिय योजना आयोग

नेतृत्व, समन्वय, स्रोतको पहिचान र वितरण, क्षमता विकास, सूचना व्यवस्थापन

### स्वास्थ्य क्षेत्र

- सुक्ष्मपोषक तत्वहरुको वितरण
- मातृ तथा वाल्यकालिन आहार, स्याहार, पोषण
- कडा शीघ्र कुपोषणको उपचार-व्यवस्थापन
- नवशिशु-बालरोगको एकीकृत व्यवस्थापन

### शिक्षा क्षेत्र

- विद्यालय दिवा खाजा कार्यक्रमको विस्तार
- पोषणसम्बन्धी ज्ञान अभिबृद्धि तथा बानी-व्यवहारमा सुधार
- पोषणमैत्री पाठ्यक्रम र शिक्षा




### खानेपानी तथा सरसफाइ

- सुरक्षित पिउने पानीको पहुँचमा बृद्धि
- सुधारिएको चर्पीको प्रयोगको प्रोत्साहन
- फोहरमैलाको उचित विसर्जन-व्यवस्थापन
- साबुन पानीले हात धुने बानीको प्रोत्साहन

### शासकीय प्रवन्ध

- सामाजिक सुरक्षालाई पोषणसँग आवद्धता
- स्थानीय स्रोत व्यवस्थापन
- पोषणको अवस्था सुधार गर्नमा स्थानीय तहको अपनत्व

### कृषि विकास क्षेत्र

- खाद्यवस्तुको पहुँच, उपलब्धता र उपभोगमा बृद्धि
- आयआर्जन उद्यमको प्रवर्द्धन
- महिलाको कार्यबोझमा कमी

### पशुपन्छी विकास क्षेत्र

- पशुपन्छीजन्य खाद्यवस्तुको उत्पादन, पहुँच तथा उपयोगमा बृद्धि
- आयआर्जन उद्यमको प्रवर्द्धन

### महिला,बालबालिका क्षेत्र

- महिला सशक्तीकरण
- महिलाहरूको आयआर्जन विकास र विस्तार
- लैङ्गिक हिंसा विरुद्ध जनचेतना
- बलबालिका तथा किशोर-किशोरीको संरक्षण

# बहुक्षेत्रीय पोषण योजना - दोस्रो

पोषण तथा खाद्य सुरक्षा नेपाल

**दीर्घकालीन सोच :** आगामी दश वर्षभित्रमा महिला, बालबालिका तथा किशोरीमा हुने कुपोषण हटाई मानवपुँजीको विकास

**लक्ष्य :** **पोषण विशेष, पोषण संवेदनशील र समर्थ बनाउने वातावरणसम्बन्धी कार्यक्रमहरूको विस्तार गरी महिला, किशोरी तथा बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउनु**

**उद्देश्यहरू**

(क) सेवा प्रदायक संस्थाको विस्तार गरी सबैमा पोषण विशेष (स्वास्थ्य) सेवाहरूको पहुँच बढाई सेवाहरूको उपभोगमा बृद्धि गराउनु ।

(ख) पोषण संवेदनशील (अन्य क्षेत्र) सेवाहरूको पहूँच र उपभोग बढाई स्वस्थ बानी-व्यवहारमा सुधार ल्याउनु

(ग) पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरू **एकीकृत रूपमा** कार्यान्वयन गरी महिला, बालबालिका तथा किशोरीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउनु ।

# योजनाका उपलब्धि

उपलब्धि नं. १ पोषण विशेष सेवाहरुमा समान पहुँच हुने र त्यसको उपभोगमा सुधार भएको हुने ।

उपलब्धि नं. २ पोषण संवेदनशील सेवाहरुका पहुँच र उपभोगमा वृद्धि भएको हुने तथा स्वस्थ किसिमका बानी व्यवहारमा सुधार भएको हुने ।

उपलब्धि नं. ३ पोषणको अवस्थामा सुधार ल्याउन समर्थ बनाउने वातावरणको लागि संघ, प्रदेश तथा स्थानीय तहको नीति, योजना र बहुक्षेत्रीय समन्वयमा सुधार भएको हुने ।

# बहुक्षेत्रीय पोषण योजनाका लक्ष्य, उपलब्धि र प्रतिफल

पोषण तथा खाद्य सुरक्षा नेपाल









१.पोषण विशेष (६ वटा प्रतिफल)

२.पोषण संवेदनशिल (१३ वटा प्रतिफल)

३.समर्थ बनाउने वातावरण (५ वटा प्रतिफल)





# बहुक्षेत्रीय-बहुसरोकारवाला समन्वय संयन्त्र

| मन्त्रालय/ निकायहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अर्थ | स्वास्थ्य | कृषि तथा पशुपन्छी | खानेपानी | शिक्षा, विज्ञान, प्रविधि | महिला, बालबालिका | संघीय मामिला तथा सामान्य प्रशासन | सुचना तथा सञ्चार | उद्योग वाणिज्य |

प्राज्ञिक समूह

नागरिक समाज सञ्जाल

निजी क्षेत्रको समूह

बहुक्षेत्रीय कार्य समूह

राष्ट्रि पोषण तथा खाद्य सुरक्षा समन्वय समिति

उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति

सांसदहरू/ निर्वाचित पदाधिकारीहरु

संयुक्त राष्ट्रसंघीय निकाय, दातृ निकाय र विकास साझेदार

पत्रकार/सञ्चार सञ्जाल

प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति

जिल्ला समन्वय समिति

गाउँपालिका-नगरपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति

वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति

# बहुक्षेत्रीय-बहुसरोकारवाला समन्वय संयन्त्र

बहुक्षेत्रीय पोषणका लागि संघमा निर्देशक तथा समन्वय समिति त्यसै गरी प्रदेश तहमा पनि निर्देशक समिति रहेका छन् । जसको मुख्य भूमिका भनेको:

१.नीति तथा रणनीति तर्जुमा

२.स्रोतको सुनिश्चितता

३.विषयगत मन्त्रालय वा निकायसँग समन्वय

४.क्षमता अभिवृद्धि

# गाउँ/नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति

(क) अध्यक्ष / प्रमुख - अध्यक्ष

(ख) उपाध्यक्ष / उप-प्रमुख- उपाध्यक्ष

(ग) वडा अध्यक्षहरु - सदस्य

(घ) कार्यपालिकाका महिला सदस्यहरूमध्ये प्रमुखले तोकेको एकजना- सदस्य

(ङ) कार्यपालिकाका दलित महिला सदस्यहरूमध्ये प्रमुखले तोकेको एकजना-सदस्य

(च) पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरूको संयोजन गर्न तोकिएको संयोजक - सदस्य

(छ) स्वास्थ्य, कृषि विकास, पशुपन्छी विकास, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा, सुशासन, अर्थ, संचार, वाणिज्य र आपूर्ति र योजना तथा अभिलेख सम्बन्धी विषयगत इकाइ / निकायका प्रमुख- सदस्य

(ज) सामाजिक विकास सम्बन्धी शाखाको कार्यक्रम अधिकृत- सदस्य

(झ) गाउँ/ नगरस्तरीय उद्योग तथा वाणिज्य सङ्घको अध्यक्ष- सदस्य

(ञ)गाउँ।नगर स्तरीय गैरसरकारी संस्था महासंघको अध्यक्ष- सदस्य

(ट) प्रमुख प्रशासकीय अधकि्त वा निजले तोकेको अधिकृत कर्मचारी- सदस्य-सचिव

# गाउँ/नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति (क्रमशः)

(क) पोषण तथा खाद्य सुरक्षासम्बन्धी राष्ट्रिय र प्रादेशिक तहका नीतिहरूसँग नबाझिने गरी सम्बन्धित गाउँपालिका तथा नगरपालिकाकास्तरको पोषण तथा खाद्य सुरक्षासम्बन्धी नीतिहरू तर्जुमा गर्ने,

(ख) बहुक्षेत्रीय पोषण योजनाको लागि स्रोत पहिचान गरी आवश्यक बजेटको सुनिश्चितता गर्ने,

(ग) गाउँपालिका तथा नगरपालिकाको वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजनाअनुसारका कार्यक्रम समावेश गर्ने र सभामा पेश गर्ने,

(घ) पोषण तथा खाद्य सुरक्षासम्बन्धी राष्ट्रियस्तरको गोष्ठी, सभा-सम्मेलनमा पैरबी गर्ने तथा प्रतिबद्धता व्यक्त गर्ने,

(ङ) गाउँपालिका तथा नगरपालिकाभित्रका वडातहमा गठन हुने पोषण तथा खाद्य सुरक्षासम्बन्धी समितिको गठन, तथा सञ्चालनको लागि आवश्यक निर्देशन दिने र सहजीकरण गर्ने,

(च) गाउँपालिका तथा नगरपालिकाभित्रका वडातहमा गठन भएका पोषण तथा खाद्य सुरक्षासम्बन्धी समितिबाट सम्पादित कार्यहरूको समीक्षा गर्ने,

(छ) स्थानीय तहभित्र कार्यान्वयन गरिएको बहुक्षेत्रीय पोषण योजनाको अनुगमन, प्रगतिको समीक्षा र उपलब्धिको मूल्याङ्कन गर्ने ।

# वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको संरचना

(क) वडाध्यक्ष: अध्यक्ष

(ख) महिला सदस्य: सदस्य

(ग) दलित महिला सदस्य: सदस्य

(घ) स्वास्थ्य, कृषि विकास, पशुपन्छी विकास, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा, बाणिज्य र आपूर्तिसम्बन्धी वडास्तरीय विषयगत इकाइका प्रमुखहरू: सदस्य

(घ) वडामा रहेका विद्यालयका महिला शिक्षक: सदस्य(हरू)

(ङ) वडामा कार्यरत गैरसरकारी संघ-संस्थाको प्रतिनिधि एकजना: सदस्य

(च) वडाको नागरिक मञ्चको संयोजक: सदस्य

(छ) वडाको महिला स्वास्थ्य स्वयंसेविका एकजना: सदस्य

(ज) बडाभित्रका विद्यालय व्यवस्थापन समिति तथा स्वास्थ्य सेवा व्यवस्थापन समितिका एक एकजना प्रतिनिधि: सदस्य

(झ)वडासचिव: सदस्य-सचिव

# वडास्तरीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार

(क) सहभागितामूलक पद्धतिबाट पोषणसम्बन्धी कार्यक्रमहरूको पहिचान गरी पेश गर्ने,

(ख) लक्षित समुदायको पहिचान गर्न वडा समितिलाई सहयोग गर्ने,

(ग) पोषण लक्षित समुदायको आवश्यकता पहिचान गर्ने र उनीहरूको सहभागितामा कार्यक्रमको
प्राथमिकीकरण गर्न सहयोग गर्ने,

(घ) पोषण सम्बन्धि अभियानको लागि समुदाय परिचालन गर्ने,

(ङ) गैरसरकारी संस्था तथा अन्य निकायबाट सञ्चालित पोषण कार्यक्रम अनुगमन गरी प्रतिवेदन गर्ने ।

# कार्यान्वयनमा निकायगत जिम्मेवारी र भूमिका

पोषण तथा खाद्य सुरक्षा नेपाल

## जिल्ला तहः

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकामा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा समन्वय, सहजीकरण र अनुगमन गर्ने कार्य जिल्ला समन्वय समितिको हुनेछ ।

## स्थानीय तहः

(क) पोषण तथा खाद्य सुरक्षासम्बन्धी बार्षिक कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने, गाउँसभा, नगरसभाबाट अनुमोदन भएका कार्यक्रम कार्यान्वयन गर्ने,

(ख) पोषणसम्बन्धी कार्यक्रमको अनुगमन, समीक्षा तथा मूल्याङ्कन गर्ने,

(ग) पोषणसम्बन्धी कार्यक्रमको प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी नियमित रूपमा तोकिएको निकायमा पठाउने,

(घ) गैरसरकारी संस्था र अन्य विकास साझेदारले सञ्चालन गरेका पोषणसम्बन्धी कार्यक्रमको अनुगमन र नियमन गर्ने तथा प्रतिवेदन लिने,

(ङ) स्थानीय तहको पार्श्वचित्र तयार गर्दा पोषण सूचक समावेश भएको सुनिश्चिता गर्ने ।

# कार्यान्वयनमा निकायगत जिम्मेवारी र भूमिका ....

**वडा तह:**

(क) वस्तीस्तरबाट प्राथमिकताका आधारमा छनौट भएका पोषण तथा खाद्य सुरक्षासम्बन्धी योजना गाउँसभा नगरसभामा पेश गर्ने,

(ख) गाउँसभा नगरसभाबाट स्वीकृत भएका पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,

(ग) गैरसरकारी संस्था र अन्य विकास साझेदारले सञ्चालन गरेका पोषणसम्बन्धी कार्यक्रम कार्यान्वयनको अनुगमन र नियमन गर्ने तथा प्रतिवेदन गाउँपालिका नगरपालिकामा पेश गर्ने,

(घ) समुदायमा आधारित संघ-संस्थालाई पोषणसम्बन्धी कार्यक्रमको योजना तर्जुमा चरणदेखि नै परिचालन गर्ने,

(ङ) वडाको पार्श्वचित्र तयार गर्दा पोषण सूचक समावेश भएको सुनिश्चितता गर्ने ।

# कार्यान्वयनमा निकायगत जिम्मेवारी र भूमिका ....

पोषण तथा खाद्य सुरक्षा नेपाल

**स्थानीय तहका विषयगत निकाय / शाखाको भूमिकाः**

(१) गाउँसभा / नगरसभाबाट स्वीकृत कार्यक्रम सम्बन्धित गाउँपालिका / नगरपालिकाको प्रत्यक्ष निर्देशनमा कार्यान्वयन गर्ने ।

(२) कार्यक्रम कार्यान्वयनका लागि कार्यतालिका तयार गर्ने र गाँउपालिका /नगरपालिकाबाट स्वीकृत गराएर लागू गर्ने ।

(३) गाउँपालिका /नगरपालिकाको **पोषण योजना तर्जुमा गर्नमा सहजीकरण** गर्ने ।

(४) वडास्तरबाट प्राप्त कार्यक्रमको सम्भाव्यता समेतलाई दृष्टिगत गरी गाउँपालिका / नगरपालिकालाई राय-सुझाव उपलब्ध गराउने ।

(५) पोषणसम्बन्धी योजना कार्यान्वयनको नियमित प्रतिवेदन गाँउपालिका /नगरपालिकासमक्ष पेश गर्ने ।

(६) गाउँपालिका /नगरपालिका क्षेत्रभित्रको पोषणसम्बन्धी सूचक अद्यावधिक गरी राख्ने ।

# नेपाल सरकार र यूरोपियन यूनियन बीच भएको सम्झौताको आधारभूत पक्ष

- १० जुलाई २०२० मा सम्झौता भएको ।
- सन  २०२० देखि सन  २०२२ सम्म
- बजेट २४.३५ मिलियन यूरो
- ५ वटा सूचक सहित समग्र बहुक्षेत्रीय पोषण योजना नै कार्यान्वयन हुने ।
- यूनिसेफबाट प्राविधिक सहयोग प्राप्त हुने ।
- मूख्य रुपमा दीगो विकास लक्ष्यः १ गरीबिको अन्त्य, **२ शुन्य भोकमरी,** लक्ष्यः ३ सुस्वास्थ्य र आरोग्यता तथा अन्य लक्ष्यः लक्ष्यः ५ लैङिगक समानता, र लक्ष्यः ६ सफा पानी र सरसफाइ योगदान

# कार्यक्रम विस्तार

| कार्यक्रम मोडालिटी | संकेत | जिल्ला | स्थानीय तह | आ. ब |
|---|---|---|---|---|
| हाल कार्यान्वयन भएको | ★ | 30 | 308 | 2077/78 |
| पुर्ण प्याकेज सञ्चालन | ✷ | 7 | 75 | 2077/78 |
| आंशिक प्याकेज सञ्चालन | ✷ | 21 | 206 | 2077/78 |
| आंशिक प्याकेज सञ्चालन | ☺ | 14 | 131 | 2078/79 |
| | | | | |



पोषण विशेष (स्वास्थ्य क्षेत्र) कार्यक्रमहरु ७७ जिल्लाका ७५३ स्थानीय तहमा कार्यान्वयन हुने ।

# कार्यक्रम विस्तारको प्रारुप

**<u>आ.ब. २०७७।७८</u>**

- हाल कार्यान्वयन भएका ३० जिल्लाका ३०८ स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रमको पूर्ण प्याकेजको निरन्तरता ।
- ७ जिल्लाका ७५ स्थानीय तहमा पूर्ण प्याकेज सहित विस्तार ।
- २१ जिल्लाका २०६ स्थानीय तहमा आंशिक प्याकेज सहित विस्तार ।
- पोषण विशेष (स्वास्थ्य क्षेत्र) कार्यक्रमहरु ७७ जिल्लाका ७५३ स्थानीय तहमा कार्यान्वयन हुने ।

**<u>आ.ब. २०७८।७९</u>**

- आ.ब. २०७७।७८ मा कार्यक्रम कार्यान्वयन स्थानीय तहमा सोही अनुसार हुने र केही स्थानीय तहमा पूर्ण प्याकेज सहित विस्तार ।
- १४ जिल्लाका ३३ स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रमको आंशिक प्याकेज सहित विस्तार ।

# स्थानीय तहमा सञ्चालन हुने क्रियाकलापहरु

| पुर्ण प्याकेज | आंशिक प्याकेज |
|---|---|
| • स्थानीय तहमा बहुक्षेत्रीय पोषण योजनाले तोकेको विषयगत क्षेत्रः स्वास्थ्य, शिक्षा, कृषि विकास, पशुपंक्षी विकास, महिला तथा बालबालिका, खानेपानी सरसफाई र शासकीय प्रबन्ध जस्ता विषयगत क्षेत्रहरुको पुर्ण सहभागिता ।<br>• उल्लेखित क्षेत्रका न्यूनतम कार्यक्रमहरु सहितको एकीकृत योजना तर्जुमा, कार्यान्वयन तथा प्रतिवेदन ।<br>• तोकिएका स्थानीय तहमा महिला सहकारी तथा समुहमा आयआर्जनका लागी अनुदान र सामुदायीक विद्यालयमा खानेपानी योजना सञ्चालन ।<br>• प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणालीको स्थापना र प्रतिवेदनमा सूनिश्चिता ।<br>• प्रत्येक स्थानीय तहमा स्वयंसेवकको व्यवस्था वा पूर्णरुपमा बहुक्षेत्रीय पोषण कार्यक्रम हेर्ने कर्मचारी तोकिने । | • स्थानीय तह तथा वडामा तहमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन तथा क्रियाशिलता ।<br>• कम्तिमा स्वास्थ्य र शासकीय प्रबन्ध जस्ता विषयगत क्षेत्र सहभागिता ।<br>• बहुक्षेत्रीय पोषण कार्यक्रमको एकीकृत बार्षिक योजना तयारी ।<br>• पोषण सम्वन्धी बाल अनुदानको प्रभावकारी उपयोगका सम्वन्धमा आमा तथा शिशु स्याहारकर्तालाई अभिमुखीकरण ।<br>• नेपाल सरकारबाट वितरण भएको बाल पोषण भत्तालाई बाल्यकालिन शिशुआहारसँग आवद्धता ।<br>• प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणालीको स्थापना र प्रतिवेदनमा सूनिश्चिता । |

# चालु आ.ब. को बजेट व्यवस्थापन




| तह | बजेट रु हजार | प्रतिशत |
|---|---|---|
| स्थानीय तह | 1198563 | 90% |
| प्रदेश | 68500 | 5% |
| जिसस | 16338 | 1% |
| केन्द्र (स्वास्थ्य समेत) | 53599 | 4% |
| जम्मा | 1337000 | 100% |

# स्थानीय तहमा बजेट

- कूल बजेट
- पोषण केन्द्रीत

# कार्यान्वयन संरचनाको कार्यजिम्मेवारी

**संघीय मामिला तथा सामान्य प्रशासान मन्त्रालयः**

स्थानीय तहमा रकम हस्तान्तरण गर्ने, प्रतिवेदन लिने, संघीय निकायमा प्रतिवेदन गर्ने, स्थानीय तहको क्षमता विकास र कार्यान्वयनमा सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन

**राष्ट्रिय योजना आयोगः**
नीतिगत मार्गदर्शन, कार्यान्वयनमा सहजीकरण, अनुगमन मुल्याकंन र भावी कार्यदिशा निर्धारण

**विषयगत मन्त्रालयः**
क्षेत्रगत कार्यक्रम पहिचान, स्थानीय तहमा आवश्यकता पहिचान तथा क्षमता विकास

**प्रदेशः**
प्रदेशस्तरको पोषण Profile तयारी, प्रदेश स्तरीय बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन, कार्यान्वयनमा सहजीकरण एवं समन्वय तथा स्थानीय तहको क्षमता विकास ।

**जिल्ला समन्वय समितिको कार्यालयः**
कार्यान्वयनमा सहजीकरण, पोषण स्वयम सेवकको चौमासिक वैठक सञ्चालन, अनुगमन, क्षमता विकासमा सहजीकरण

गाउँपालिका /नगरपालिका

बजेट तर्जुमा, कार्यान्वयन, गैससंग सहकार्य, समन्वय र परिचालन एवं प्रतिवेदन

# स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन संरचना



# लक्षित वर्ग छनौट र प्राथमिकता

(क) गर्भवती र सुत्केरी महिला, दुई वर्षमुनिका बालबालिका, र किशोरी,

(ख) कुपोषण भएको बालबालिकाको संख्या बढी भएको, खानेपानी तथा सरसफाइ सुविधा कमी भएको, शैक्षिक स्थिति न्यून भएको, खाद्य सुरक्षा कमी भएकोजस्ता पोषणसँग सम्बन्धित समस्या भएको वर्ग, समुदाय, स्थान,

(ग) आर्थिक, सामाजिक र भौगोलिक रूपमा पिछडिएको वर्ग, समुदाय र स्थान,

(घ) लैंङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण हुने,

(ङ) महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरणमा सहयोग पुग्ने र महिलाको दैनिक कार्यबोझमा कमी ल्याउने,

# क्षेत्रगत बजेट व्यवस्थापन

पोषण तथा खाद्य सुरक्षा नेपाल

- पोषण विशेष (स्वास्थ्य केन्द्रित) कार्यक्रमका लागि छुट्टै उपशिर्षक सहित उपलब्ध हुने
- पोषण संवेदनशील तथा समर्थ बनाउने (स्वास्थ्य बाहेक ६ विषयक्षेत्र) कार्यक्रमका लागि एकमुष्ठ बजेट उपलब्ध हुने
- स्थानीय तहले बजेट सबै क्षेत्र समेटी विनियोजन गर्ने।
  - मानव विकास सूचकांक, जनसंख्या, क्षेत्रफल सहितको कम्पोजिट इन्डेक्सको आधारमा बजेट बाँडफाँट हुने ।
- स्थानीय तहले बहुक्षेत्रीय पोषण कार्यक्रम पोषण विशेष र पोषण संवेदनशील लागि थप बजेट व्यवस्थापन गरी एकिकृत रूपमा बजेट तथा कार्यक्रम तर्जुमा गर्ने

# एकीकृत बार्षिक कार्यक्रम बनाउँदा ध्यान दिनुपर्ने

पोषण तथा खाद्य सुरक्षा नेपाल

- स्थानीय तह भित्र कुन वस्ती, समुदायमा कुपोषणको अवस्था झल्किने पोषण प्राश्र्वचित्र तयारी (मन्त्रालयबाट फर्मेट उपलब्ध हुने)
- उपलब्ध कुपोषणको तथ्यांक, र आवश्यकताको आधारमा न्यायोचित रुपमा कार्यक्षेत्र छनौट गर्नुपर्ने
- प्राप्त बजेट दामाशाही रुपमा वडा अनुसार वितरण गर्न नहुने
- वडा स्तरमा अनिवार्यरुपमा गर्नुपर्ने बाहेक क्रमश विस्तार गर्दै जान उपयुक्त हुने
- स्थानीय तहमा विषयगत नियमित कार्यक्रम, विकास साझेदारहरुको सहयोगमा सञ्चालित पोषण (जस्तै सुआहारा) कार्यक्रमसँग दोहोरोपन हुन नहुने
- सबै विषयगत क्षेत्र (७ वटै) समेटेर एकीकृत कार्यक्रम तयार गर्नुपर्ने
- क्रियाकलापहरु छनौट गर्दा वस्ती स्तरमा सञ्चालन हुने र उत्पादनमूलक र दीगो हुने खालका हुनु पर्ने ।

# क्षेत्रगत क्रियाकलापहरु (शासकीय प्रवन्ध)

## अनिवार्य क्रियाकलापहरु

- स्थानीय तह तथा वडामा तहमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन
- स्थानीय तह तथा वडामा तहमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको क्रियाशिलता र नियमित बैठक (प्रत्येक चौमासिकमा १ वटा)
- बहुक्षेत्रीय पोषण कार्यक्रमको एकीकृत बार्षिक योजना तयारी
- पोषण सम्वन्धी बाल अनुदानको प्रभावकारी उपयोगका सम्वन्धमा आमा तथा शिशु स्याहारकर्तालाई अभिमुखीकरण
- नेपाल सरकारबाट वितरण भएको बाल पोषण भत्तालाई बाल्यकालिन शिशुआहारसँग आवद्धता
- पोषण स्वयंसेवकको नियुक्ति, निरन्तरता र क्षमता विकास

# क्षेत्रगत क्रियाकलापहरु (शासकीय प्रवन्ध)

पोषण तथा खाद्य सुरक्षा नेपाल

**अतिरिक्त क्षेत्रगत क्रियाकलापहरु**

- सार्वजनिक संस्थाहरुमा पोषण प्रर्दशनी स्थल, स्तनपान कक्ष र पोषण डेष्कको स्थापना
- पोषण सम्बन्धी तथ्यांक (प्रोफाइल) संकलन तथा अद्यावधिक
- पोषण समिति र समितिका सदस्यहरुको अभिमुखीकरण र क्षमता अभिवृद्धि
- पोषण तथा खाद्य सुरक्षा कार्यक्रम कार्यान्वयन गर्नको लागि विभिन्न वर्ग / समूहसँग बहस–पैरवी बैठक सञ्चालन
- जनप्रतिनिधी, राजनीति दल, पत्रकार, नागरिक समाजका प्रतिनिधीहरुलाई स्थानीय तहमा पोषण कार्यक्रम सञ्चालन तथा पोषण सम्बन्धी अभिमुखिकरण
- विषयगत क्षेत्रका कर्मचारीहरुलाई बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन गर्न क्षमता विकास तालिम सञ्चालन
- पोषण साझेदारहरु सहित नियमित समिक्षा र अनुगमन
- सामाजिक व्यवहार परिवर्तन सम्बन्धी सन्देश र राम्रा अभ्यासहरुलाई विभिन्न सञ्चार माध्यम मार्फत जानकारी
- पोषण मैत्री स्थानीय शासन रणनीति अनुसार सूचकहरुको स्थानीयकरण
- पोषण सम्बन्धी बिभिन्न अभियान, दिवस, सप्ताह, सुचना प्रवाह गर्ने
- निजी क्षेत्रलाई परिचालन गरि खाद्य स्वच्छता तथा गुणस्तरको सुनिश्चिता
- सार्वजनिक स्थानमा पोषण सुचकहरु झल्किने सामुदायीक सुचना पाटि

# क्षेत्रगत क्रियाकलापहरु (महिला बालबालिका)

पोषण तथा खाद्य सुरक्षा नेपाल

- सुनौला हजार दिनका महिला, किशोरीहरु (विद्यालय भित्र र बाहिर) लाई प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, महिनावारी स्वच्छता,  मर्यादित महिनावारी तथा अन्य जीवनउपयोगी सीप र लैङ्गिक समता सम्बन्धी अनुशिक्षण / तालिम सञ्चालन
- बाल नगद अनुदान, गर्भवती तथा सुत्केरी भत्ता (स्थानीय तहबाट प्रदान गरिने) जस्ता सामाजिक सुरक्षाका कार्यक्रममा पोषण केन्द्रित बनाउने क्रियाकलाप सञ्चालन
- समुदायमा बालबिबाह, छाउपडी, मर्यादित महिनावारी, तथा गर्भवती र सुत्केरी अवस्थामा पोषणको बिषयमा बिद्यमान हानिकारक मान्यता र कुसंस्कार विरुद्ध पैरवी तथा अभियान संचालन
- बाल विवाह निवारण र जीवनचक्रमा आधारीत पोषण शिक्षाको लागि अभिभावक तथा किशोरकिशोरीहरुलाई अभिमुखीकरण तथा परामर्श

# क्षेत्रगत क्रियाकलापहरु (महिला बालबालिका)

- लैंगिक तथा घरेलु हिंसा निवारण तथा सुनौला हजार दिनका आमाको स्याहारमा श्रीमान तथा परिवारको भूमिका बिषयमा अन्तरपुस्ता (श्रीमान–श्रीमती, सासु–बुहारी) अन्तरक्रिया कार्यक्रम सञ्चालन
- परिवार तथा समुदायमा महिलाको कार्यबोझको बाँडफाँड तथा सुनौला हजार दिनका महिलाहरुको बिशेष स्याहार तथा बालबालिकाको स्याहारमा श्रीमान तथा परिवारका अन्य सदस्यहरुको भूमिका बढाउन परिवार परामर्श तथा सचेतना अभियान संचालन
- लैंगिक हिंसा निवारण तथा पोषण प्रवर्धनात्मक अनुशिक्षण, तालिम तथा पैरवी कार्यक्रमहरुमा पुरुष सहभागिता बढाउने कार्यक्रम
- सुनौला हजार दिनका महिला तथा घर परिवारलाई लक्षित गरी आय आर्जनका कार्यक्रम संचालन

# क्षेत्रगत क्रियाकलापहरु (स्वास्थ्य)

**अतिरिक्त क्षेत्रगत क्रियाकलापहरु**

- गर्भवती, सुत्केरी, स्तनपान गराइरहेका महिलालाई दैनिक आहारमा विविध खाद्य वस्तु तथा व्यवहार सम्बन्धी परामर्श दिने
- गर्भवती, सुत्केरी महिलाहरु तथा किशोरीहरुलाई प्रोटोकल अनुसार आइरन फोलिक एसिड चक्की तथा जुकाको औषधी खुवाउने
- विद्यालय जाने उमेरका बालबालिकालाई जुकाको औषधी खुवाउने
- जन्मेको  १ घण्टाभित्र बच्चालाई स्तनपान गराउन र ६ महिनासम्म पूर्ण रूपमा स्तनपान गराउन गर्भवती, सुत्केरी महिला र परिवारका सदस्यहरुलाई परामर्श दिने
- सूक्ष्म पोषकतत्व समिश्रण भएको अन्नको पिठो तथा आयोडिनयुक्त नुनको उपभोगमा वृद्धि
- बालबालिकाको पोषण अवस्था अनुगमन र पोषणसम्बन्धी परामर्श प्रदान
- किशोर–किशोरीमैत्री स्वास्थ्य तथा पोषण कार्यक्रमहरु एकीकृतरुपमा विस्तार
- स्थानीय पोषण वस्तुहरुको प्रयोग गरेर पौष्टिक खानाहरु (जस्तै पिठो, खिर / लिटो, जाउलो÷खिचडी) बनाउने तरिकाको प्रदर्शन साथै स्थानियस्तरमा उपभोग योग्य खाद्य परिकारलाई थप पोषिलो बनाई खाने, खुवाउने तरिकाको प्रदर्शन तथा प्रवर्धन

# क्षेत्रगत क्रियाकलापहरु (स्वास्थ्य)

पोषण तथा खाद्य सुरक्षा नेपाल

## अनिवार्य क्रियाकलापहरु

वृहत पोषण विशेष प्याकेजमार्फत  IMAM कार्यक्रममा स्वास्थ्य समन्वयकर्ता/ स्वास्थ्य कार्यकर्ता/ महिला सामुदायिक स्वास्थ्य स्वयमसेवकलाई क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने ।

- पोषण सामग्री ढुवानी सबै स्थानीय तहहरुमा ओटीसीको स्थापना वा सुदृढीकरण
- स्थानीय तहमा रहेका ओटीसीहरू संचालनको लागि स्वास्थ्यकर्मीहरू र महिला स्वास्थ्य स्वास्थ्य स्वयंसेवीका लागि  लागि संचार, यातायात तथा उत्प्रेरणा खर्च
- बृहत पोषण प्याकेज कार्यक्रम विस्तार

# क्षेत्रगत क्रियाकलापहरु (स्वास्थ्य)

- पाँच बर्ष मुनिका बालबालिकाका शिघ्र कुपोषणको नियमित लेखाजोखा गरी आवश्यक उपचार तथा व्यवस्थापन
- अर्धबार्षिक रुपमा ६ देखी ५९ महिनाका बालबालिकालाई भिटामिन ए र १२ देखी ५९ महिनाका बालबालिकालाई जुकाको औषधि खुवाउने
- पोषण सेवा प्रबाह सम्बन्धी स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेबिकाहरुलाई तालिम, आमा समूहहरुको नियमित बैठक संचालन एबम् पोषण सम्बन्धी छलफल गर्ने
- स्तनपान सप्ताह लगायतका विभिन्न अभियान सञ्चालन, प्रचार प्रसार, बृहत पोषण प्रर्दशनी
- आमा समूहहरुको नियमित बैठककम नाङ्लो प्रर्दशनीको माध्यमबाट स्थानीय समुदायलाइ खानपानको वानीव्यवहार परिवर्तन गर्न प्रोत्साहन
- मेरो स्वास्थ्य मेरो जिम्मेबारी’लाई प्रभावकारी बनाउन स्वस्थ वातावरण र सक्रिय जीवनशैलीको प्रवद्धन गर्दै साईकल लेन, एक घर एक –करेसाबारी, व्यायाम हल, योगाभ्यास तथा पञ्चकर्म केन्द्रको स्थापना र प्रयोगको लागि सरोकारवालसँग समन्वय गर्ने ।
- विपद्को अवस्थामा हुने जोखिमलाई कम गर्न आकस्मिक पोषण योजना तयार गर्ने ।
- आपतकालिन अवस्थामा पोषण सम्बन्धी सुचना तथा पोषण निगरानी प्रणाली स्थापना तथा सवलीकरण ।

# क्षेत्रगत क्रियाकलापहरु (शिक्षा)

पोषण तथा खाद्य सुरक्षा नेपाल

- विद्यालय तह तथा समुदाय स्तरका प्रारम्भिक बाल शिक्षा / कक्षा सञ्चालन तथा बालविकास सम्बन्धी योजना कार्यान्वयन
- विद्यालय दिवा खाजा (आइरनयुक्त आहार, ३० प्रतिशत क्यालोरी) प्राप्त हुने गरी व्यवस्था
- किशोरीहरुको नियमित विद्यालय सुनिश्चिता, पोषण शिक्षा सम्बन्धी सचेतना, पोषण खानपान तथा सरसफाइ सम्बन्धी किशोरी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक बीच अन्तरक्रिया
- विद्यालयहरुमा कार्यरत लैङ्गिक फोकल पोइन्टलाई सक्रिय बनाई छात्राहरुमा देखा पर्ने समस्या सहजीकरण
- विद्यालयमा पोषण पाठ्यक्रम समाबेश र पोषणमैत्री क्रियाकलापहरु प्रर्बद्धन गर्न किशोरी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षकसँग समिक्षा
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम (विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्था जाँच तालिका तयार र प्रयोग,

# क्षेत्रगत क्रियाकलापहरु (शिक्षा)

- अर्धबार्षिक रुपमा कक्षा १ देखी १० सम्मका विद्यार्थीहरुलाई जुकाको औषधि र १० देखी १९ बर्षका छात्राहरुलाई आइरन फोलिक एसिड चक्कि खुवाउने जस्ता क्रियाकलापहरु सञ्चालन
- स्वास्थ्य संस्थाको समन्वयमा विद्यालय जाने उमेरका बालबालिका तथा किशोर किशोरीको स्वास्थ्य परीक्षण तथा एन्थ्रोपेट्रिक नाप जाँच तथा पोषण शिक्षा चौमासिक रुपमा गर्ने गराउने
- विद्यालयमा छात्रामैत्री शौचालय तथा फोहोर विसर्जनका लागी उपयुक्त व्यवस्था
- स्थानीय तहमा स्थानीय स्तरमा पाइने खाद्यान्न तथा जीवनचक्रमा आधारीत खाद्य तथा पोषण सम्बन्धी आधारभुत सचित्र पाठ्यक्रम तयार गर्ने (कक्षा १ देखि ५ सम्मको लागी)
- विद्यालय करेसावारी, किशोरीहरुलाई जीवनपयोगी सीप र पोषण बिषयमा स्वास्थ्य शिक्षा जस्ता अतिरिक्त क्रियाकलापहरु सञ्चालन
- किशोरीहरुलाई महिनावारी स्वच्छता, स्थानीय स्तरमा क्बलष्तबचथ एबम बनाउने तालिम तथा अभिमुखीकरण
- विद्यालयमा पोषण कर्नर स्थापना गर्ने र विधार्थीलाई सिकाई सँगै आय आर्जनका कार्यक्रमहरुमा प्रोत्साहन

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# क्षेत्रगत क्रियाकलापहरु (खानेपानी तथा सरसफाई)

पोषण तथा खाद्य सुरक्षा नेपाल

- विद्यालयमा साबुन पानीले हात धुने बानी ब्यवहार प्रवर्धन गर्न अभिमुखिकरण
- विद्यालयमा प्रयोगमैत्री शौचालय, पिउने पानी, साबुन पानीले हात धुने र महिनावारी भएका बालिका÷किशोरीलाई सरसफाई तथा महिनावारी सरसफाई व्यवस्थापन सम्बन्धी सुविधाको ब्यवस्था
- खुला दिसामुक्त क्षेत्र घोषणा, सुधारिएको शौचालय प्रयोग तथा पुर्ण सरसफाई अभियान सञ्चालन
- समुदाय, संस्था र अन्य सार्वजनिक स्थलमा शौचालयहरुमा पुर्ण सरसफाई सम्बन्धी क्रियाकलापहरु सञ्चालन
- घरायसीस्तरमा सुरक्षित खानेपानी साथै खानेपानी शुद्धिकरण विधिको बारेमा जनचेतना अभिबृद्धि गर्ने

# क्षेत्रगत क्रियाकलापहरु (खानेपानी तथा सरसफाई)

- सार्वजनिक स्थल, वडा तथा स्थानीय स्तरमा सरसफाइ अभियान संचालन
- स्वास्थ्य केन्द्रमा WASH कर्नर र Hazardous Waste को व्यवस्था
- बालबिकास केन्द्र तथा विद्यालयतह्मा WASH कर्नरको व्यवस्था
- सुनौला हजारदिनका महिलाहरु तथा घरपरिवारलाई पूर्ण सरसफाई, खेरगएको पानी व्यवस्थापन गरी करेसावारी स्थापना गर्न
- नगरपलिकामा खानेपानी तथा सरसफाई सम्बन्धी कार्य र समन्वयको लागी MWASH Unit एवं MWASH-CC गठन
- समुदायमा एक घर एक धाराको अवधारणालाई कार्यान्वयनमा ल्याउने कार्यमा प्रोत्साह्न
- खानेपानी तथा सरसफाई क्षेत्रको समष्टिगत अवस्था विश्लेषणका लागी नगरपालिका भित्र सञ्चालन र कार्यान्वयनमा रहेका संरचनाको प्राविधिक तथा व्यवस्थापकीय तथ्यांक NWASH MIS मा प्रविष्ट गर्नको लागी MWASH Unit लाई अभिमुखिकरण

# क्षेत्रगत क्रियाकलापहरु (कृषि विकास)

- किशोरी तथा सुनौला हजार दिनको घरपरिवारका सदस्यलाई करेसाबारी निर्माण सम्बन्धी सैद्धान्तिक र व्यवहारीक ज्ञान दिने तालिम सञ्चालन तथा उन्नत विउविजन उपलब्ध गराउने तथा समुहगत च्याउ उत्पादनका कार्यक्रमहरु सञ्चालन
- आवासीय विद्यालयमा करेशावारी तथा फलफूल व्यवस्थापन र च्याउ खेति सम्बन्धी सैद्धान्तिक र व्यवहारीक ज्ञान दिने तालिम तथा प्लाष्टक घर सहितको करेशावारी  र फलफूल बगैँचा स्थापना
- पोषणयुक्त रैथाने बालीहरूको संरक्षण, प्रर्वद्धन तथा उत्पादन गर्न नमूना कृषकहरुको क्षमता बृद्धि
- पोषणयुक्त मानिएका पहेलो सखरखण्ड तथा मोरिङ्गाका बेर्ना तथा विउ वितरण आदी कार्य
- परम्परागत खाद्यवस्तुमा आधारित पोषणयुक्त आहार तयारी तथा परिकार विविधिकरण सैद्धान्तिक र व्यवहारीक ज्ञान दिने तालिम

# क्षेत्रगत क्रियाकलापहरु (कृषि विकास)

पोषण तथा खाद्य सुरक्षा नेपाल

- किशोरी तथा सुनौला हजार दिनको घरपरिवारमा मौसमी तथा बेमौसमी जातका तरकारी, तथा अन्नबालीको उन्नत विउविजन छोटो अबधिमा तयार हुने फलफुलहरु जस्तै केरा, मेवा, भूईकटहर आदीको विरुवा, बेर्ना, लगाएत साना सिंचाई, कृषि औजार सामग्रीहरु नमूनाको रुपमा वितरण
- किशोरी तथा सुनौला हजार दिनको घरपरिवारका सदस्यलाई जैविक मल तथा जैविक विषादी व्यवस्थापन गरी प्राङ्गरीक पद्धतीबाट तरकारी उत्पादन सम्बन्धी तालिम सञ्चालन
- भौगोलिक अवस्था अनुसार तरकारी खेती प्रर्बद्धन गर्न नमूनाको रुपमा प्लाष्टिक टनेलको व्यवस्था गर्ने (कमजोर आर्थिक अवस्था भएका किशोरी तथा सुनौला हजार दिनको घरपरिवारमा अनुदान)
- पोषणयुक्त खाद्य बस्तुको प्रर्बद्धनका लागि कृषि मेला, हाट तथा अन्य सार्वजनिक कार्यक्रममा स्टल राख्ने
- विभिन्न खाद्यवस्तुमा पाइने पोषकतत्वहरूको विवरण भएको तालिका (Food Composition Table) प्रकाशन गरी किशोरी तथा सुनौला हजार दिनको परिवार लक्षित गरि वितरण

# क्षेत्रगत क्रियाकलापहरु (पशुपंक्षी विकास)



- निश्चित क्षेत्रमा वसोवास गर्ने सुनौला हजार दिनका महिलाहरुको समुह गठन गरी साना पशु, पन्छी, माछा सहितको घरवारी पोषण वगैंचा वा पारिवारिक स्तरको पशुपन्छीपालन र उपयोगको मोडल फर्म स्थापना गर्न अनुदान उपलव्ध गराउने
- पशुपन्छी तथा मत्स्यजन्य उत्पादनहरुको संचिति र भन्डारण क्षमता वढाई एक पटक वनेकोको सामग्री लामो समयसम्म उपभोग गर्न अभिप्रेरित गर्ने र छुर्पी, सुख्खा पनिर, माछा, मासुको सुकुटी, रसवरी, खुवा, मासु र अन्डाको अचार, हड्डी चुर्ण, तिते, सिद्राको मस्यौरा आदि वनाउने तालिमको व्यवस्था
- पशुजन्य उत्पादन विविधिकरणको तालिम र सामग्री वितरण
- स्थनीयस्तरमा पाईने अपरम्परागत un/ non - conventional खाध्य पदार्थ जस्तै मुसा, गंगटो, घुघि, सलह, सिकार्नी, वन मौरीको प्युपा, वारुला आदिको सम्वन्धित समुदायमा प्रवर्द्धन लागि प्रविधि र प्रचार प्रसार
- स्थानीय जातको दुइ पोथी र एक भाले पालनको लागि कुखुरा र केज वितरण

# क्षेत्रगत क्रियाकलापहरु (पशुपंक्षी विकास)

पोषण तथा खाद्य सुरक्षा नेपाल

- स्थानीयस्तरमा पाइने पशुजन्य उत्पादनको विविधिकरण सहित खाद्य परिकार मेला आयोजन
- स्थानीय टोल र वस्तीमा पशुजन्य उत्पादन विर्की गर्न एकीकृत पसल संचालन गर्न प्रोत्साहन र अनुदान
- पशुपन्छीमा आधारित पोषण प्रवर्धनका परम्परागत ज्ञान, शिप, प्रविधि कौशलको प्रवर्धन र संरक्षण
- सुनौला हजार दिनका महिला तथा वालवालिका लक्षित गरेर पशु पन्छीजन्य खाध्य पदार्थको महत्व दर्शाउने सूचनामुलक प्रचार सामग्री तयार गरि वितरण
- किशोरी तथा सुनौला हजार दिनको घरपरिवारका सदस्यलाई पशुपंक्षीपालन (कुखुरापालन, हाँस, मौरी, माछा, अन्य..) सम्बन्धी तालिम सञ्चालन गर्ने र नमुनाको रुपमा वितरण
- पशु स्वास्थ्य शिविर सञ्चालन गरी पशुपंक्षीलाई खोप लगाउने कार्यक्रमलाई विस्तार
- समुदायलाई पशुपंक्षीजन्य उत्पादन, उपभोग, तथा प्रशोधन सम्बन्धी तालिम सञ्चालन
- खोर निर्माण, भकारो सुधार, गोठ व्यवस्थापन सम्बन्धी सचेतना गर्ने घरपरिवारमा वितरण

# अनुगमन, समीक्षा र प्रतिवेदन

- स्थानीय तहको अनुगमन संरचना अनुसार नै अनुगमन हुने ।
- जिल्ला समन्वय समितिबाट नियमित अनुगमन हुने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको हरेक तहमा चौमासिक तथा वार्षिक रूपमा समीक्षा गर्नुपर्ने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको समीक्षाको निचोडस्वरूप प्राप्त सुझाव कार्यान्वयन गर्न सम्बन्धित तह र माथिल्लो निकायमा पठाउनुपर्ने ।
- स्थानीय तहले बहुक्षेत्रीय पोषण कार्यक्रमको वित्तिय र भौतिक प्रगति Web-based Reporting मार्फत नियमित रूपमा प्रतिवेदन गर्नुपर्ने ।
- प्रतिवेदनको लागि स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृत र कार्यक्रमको स्वयंसेवकलाई जिम्मेवारी दिने ।
- स्थानीय तहले तोकिएको प्रतिवेदन ढाँचाअनुसार चौमासिक र वार्षिक प्रतिवेदन जिल्ला समन्वय समिति, प्रदेश र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

# पोषणमा सुधार ल्याउन समेट्नुपर्ने विषयहरु

| क्षेत्र | योजना वा कृयाकलाप | जोड दिनु पर्ने |
|---|---|---|
| कृषि तथा पशुसेवा | उत्पादन बृद्धि, पहुँच बृद्धि र खाना, उत्पादन र सेवाको नियमितता | बालबालिका, महिला तथा किशोरी |
| शिक्षा | ज्ञान दिने, व्यवहार परिवर्तन , पूर्वाधार विकास,पोषण सुविधा | पूर्व प्राथमिक विद्यालय, विद्यालय |
| खानेपानी तथा सरसफाइ | शुद्ध खानेपानी सेवाको उपलब्धता, शौचालयको प्रयोग र सरसफाइ | प्रत्येक घर, बजार तथा सार्वजनिक स्थल, बानी व्यवहार परिवर्तन |
| महिला तथा बालबालिका | समान पहुँच, सशक्तिकरण, महिला हिंसा न्यूनीकरण, कुप्रथा विरूद्धको अभियान | महिला, बालबालिका तथा किशोरी |
| स्वास्थ्य | नियमित खोपको सुनिश्चितता र उपचार, जनस्वास्थ्य सचेचना | गर्भवती महिला, पाँच वर्ष मुनिका बालबालिका र किशोरी |
| प्रदेश सरकार तथा स्थानीय तह | आवधिक तथा वार्षिक योजना तर्जुमा र कार्यान्वयनमा प्राथमिकता, समन्वय, अनुगमन र मूलप्रवाहीकरण | सुनौला हजार दिनका महिला, बालबालिका तथा किशोरी |

पोषण तथा खाद्य सुरक्षा नेपाल

# धन्यवाद